नेपाल सरकार

जलस्रोत मन्त्रालयको

सूचना

## भूमिगत जलस्रोत विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०६५

भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "भूमिगत जलस्रोत विकास समिति (गठन) (तेस्रो संशोधन) आदेश, २०६५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ को दफा २ मा संशोधन** : भूमिगत जलस्रोत विकास समिति (गठन) आदेश, २०३१ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को सट्टा देहायको दफा २ राखिएको छ :-

"२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको भूमिगत जलस्रोत विकास समिति सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिव समेतलाई जनाउँछ ।

(घ) "कार्यकारी निर्देशक" भन्नाले दफा ४ख. बमोजिम नेपाल सरकारले नियुक्त गरेको वा तोकेको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।"

३. **मूल आदेशको दफा ३ मा संशोधन** : मूल आदेशको दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छ :-

"३. **समितिको गठन** : (१) भूमिगत जलस्रोतको व्यवस्थित विकास गर्नका लागि भूमिगत जलस्रोत विकास समिति नाम गरेको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् : -

| | |
|---|---|
| (क) सचिव, जलस्रोत मन्त्रालय | अध्यक्ष |
| (ख) महानिर्देशक, सिंचाइ विभाग | सदस्य |
| (ग) महानिर्देशक, कृषि विभाग | |
| (घ) महानिर्देशक, खानी तथा भूगर्भ विभाग | सदस्य |
| (ङ.) महानिर्देशक, खानेपानी तथा ढल निकास विभाग | सदस्य |
| (च) भूमिगत जल उपभोक्ता संघका | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अध्यक्षहरुमध्येबाट नेपाल सरकारले तोकेको एकजना — सदस्य

(छ) कार्यकारी निर्देशक — सदस्य-सचिव

(३) नेपाल सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरुमा थपघट वा हेरफेर गर्न सक्नेछ।

(४) समितिले नेपाल सरकारको कुनै अधिकृत वा समितिको सल्लाहकार वा अन्य कुनै विशेषज्ञलाई समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(५) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(६) समितिको बैठक साधारणतया महिनाको एकपटक बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तीमा तीन दिनअगावै अध्यक्षको निर्देशानुसार सदस्य-सचिवले सदस्यहरुलाई दिनु पर्नेछ।

(७) कूल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(८) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(९) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मतसमेत दिनेछ।

३५५



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१०) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(११) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।"

४. **मूल आदेशको दफा ४ मा संशोधन** : मूल आदेशको दफा ४ को सट्टा देहायको दफा ४ राखिएको छ :-

"४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) भूमिगत जलस्रोतको सर्भेक्षण, अध्ययन, अन्वेषण, मूल्याङ्कन र अनुगमन गर्ने, गराउने,

(ख) भूमिगत जलस्रोतको विकास तथा उपयोग गर्ने, गराउने,

(ग) भूमिगत जलस्रोतको सम्बन्धमा व्यवस्थित सूचना प्रणालीको विकास गर्ने,

(घ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकता अनुसार योजना तथा कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ङ) भूमिगत जलस्रोतको सम्बन्धमा आवश्यकतानुसार परामर्श तथा सेवा उपलव्ध गराउने,

(च) भूमिगत जलस्रोतसम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई सुझाव दिने ।"

५. **मूल आदेशको दफा ४क. मा संशोधन** : मूल आदेशको दफा ४क. को सट्टा देहायको दफा ४क. राखिएको छ :-

३८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४क. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यकतानुसार समितिका कुनै सदस्यको संयोजकत्वमा उपसमिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले तोकेबमोजिम हुनेछ । "

६. **मूल आदेशमा दफा ४ख.,४ग. र ४घ. थप** : मूल आदेशको दफा ४क. पछि देहायका दफा ४ख., ४ग. र ४घ. थपिएका छन् :-

"४ख. **कार्यकारी निर्देशक** : (१) नेपाल सरकारले समितिको दैनिक कार्य सञ्चालन गर्नका लागि सरकारी सेवा वा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संस्थामा कम्तीमा पन्ध्र वर्ष अधिकृत स्तरमा काम गरेको र मान्यताप्राप्त शिक्षण संस्थाबाट इन्जिनियरिङ, व्यवस्थापन, अर्थशास्त्र, विज्ञान वा कानून विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरेको व्यक्तिलाई खुल्ला प्रतिष्पर्धाबाट कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशक नियुक्त नभएसम्मं जलस्रोत मन्त्रालयले निजामती सेवाको कुनै राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निजलाई पुनः एक अवधिका लागि नियुक्त गर्न सकिनेछ ।

३५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर निजको कार्य सन्तोषजनक नभएमा समितिको सिफारिसमा नेपाल सरकारले पदावधि सकिनुअगावै निजलाई पदबाट हटाउन सक्नेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।"

४ग. **कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार** : कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) समितिको दीर्घकालीन, अल्पकालीन योजना, वार्षिक कार्यक्रम तथा बजेट तयार गरी स्वीकृतिका लागि समितिसमक्ष पेश गर्ने,

(ग) समितिको दैनिक प्रशासनिक कार्यको सुपरीवेक्षण तथा निरीक्षण गर्ने,

(घ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको निरीक्षण गरी त्यसको प्रगति विवरण समितिसमक्ष पेश गर्ने,

(ङ) समितिले सञ्चालन गरेका कार्यक्रमहरुको वार्षिक प्रतिवेदन तयार गरी समितिसमक्ष पेश गर्ने,

(च) समितिले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने गराउने।

४घ. **कर्मचारीसम्बन्धी व्यवस्था** : (१) समितिले आवश्यकता अनुसार कर्मचारी नियुक्त गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) समितिको अनुरोधमा नेपाल सरकारले कुनै निजामती कर्मचारीलाई समितिमा काजमा खटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम खटाइएका कर्मचारीको सरुवा बढुवा, तलब, भत्ता तथा अन्य सुविधा र विभागीय कारबाही तथा सजाय प्रचलित कानून बमोजिम हुनेछ।

(५) उपदफा (३) बमोजिम काजमा खटिएका कर्मचारीले समितिले तोकेबमोजिमका सुविधा पाउनेछन्।"

७. **मूल आदेशको दफा ५ मा संशोधन** : मूल आदेशको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ :-

"५. **समितिको कोष** : (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति, संघ, संस्था, विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) समितिले परामर्श तथा सेवा उपलब्ध गराएवापत प्राप्त गरेको रकम,

(घ) समितिले गरेको लगानीबाट प्राप्त साँवा व्याज तथा अन्य रकम,

(ङ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

३५


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम कुनै रकम लिनुअघि समितिले नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल राष्ट्र बैंक वा समितिले तोकेको बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून बमोजिम वित्तीय कारोवार गर्न संस्थापना भएको "क" वर्गको इजाजतपत्र प्राप्त कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(४) समितिको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।"

८. <u>मूल आदेशको दफा ६ मा संशोधन</u> : मूल आदेशको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छ :-

"६. <u>समितिको लेखा र लेखापरीक्षण</u> : (१) समितिले आय-व्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) नेपाल सरकारले समितिको आय व्ययको लेखा, तत्सम्बन्धी कागजात र अरु नगदी वा जिन्सी जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

३८०


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिले प्रत्येक वर्ष आफूले गरेको काम कारबाहीको विवरणसहितको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र नेपाल सरकारसमक्ष पेश गर्नु पर्नेछ ।"

९. **मूल आदेशको दफा ७ मा संशोधन** : मूल आदेशको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छ :-

"७. **अधिकार प्रत्यायोजन** : (१) समितिले यो आदेश वा यस आदेशअन्तर्गत बनेको नियम बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, उप-समिति वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार समितिको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।"

१०. **मूल आदेशको दफा ८ मा संशोधन** : मूल आदेशको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :-

"८. **बैठक भत्ता** : समिति तथा उप-समितिका सदस्यले पाउने बैठक भत्ता तथा अन्य सुविधा नेपाल सरकारको स्वीकृति लिई समितिले तोकेबमोजिम हुनेछ ।"

११. **मूल आदेशमा दफा ८क. थप** : मूल आदेशमा दफा ८ पछि देहायको दफा ८क. थपिएको छ :-

मुद्रण विभाग

३५१



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"८क. <u>निर्देशन दिन सक्ने</u> : नेपाल सरकारले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।"

१२. <u>मूल आदेशको दफा ९ मा संशोधन</u> : मूल आदेशको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छ :-

"९. <u>नेपाल सरकारसँग सम्पर्क</u> : समितिले नेपाल सरकारसँग सम्पर्क राख्नु पर्दा जलस्रोत मन्त्रालयमार्फत राख्नु पर्नेछ।"

आज्ञाले,
शंकर प्रसाद कोइराला
सचिव

मुद्रण विभाग, सिंहदरबार

६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।